# FOCUS ON GROWTH

Widen your perspective, for wider possibilities.



# २८ औं वार्षिक साधारण सभाको विवरण (माइन्यूट)

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

www.himalayanbank.com

शेयरधनी महानुभाव,

## विषयः विवरण (माइन्यूट)

महाशय,

मिति २०७७ साल पौष २७ गते सोमबार सम्पन्न भएको यस बैंकको अट्ठाइसौं वार्षिक साधारण सभामा भएको छलफल र निर्णयहरूको विवरण (माइन्यूट) तपाईंको जानकारीको लागि पठाएको छु ।

आज्ञाले,

विपिन हाडा
कम्पनी सचिव

# हिमालयन बैंक लिमिटेड
# अट्ठाइसौं (२८) वार्षिक साधारण सभाको
## विवरण (माइन्यूट)

**१. वैधानिक सभाः**

हिमालयन बैंक लिमिटेडको २०७७ पौष २ गते बसेको संचालक समितिको ३९५ औं बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३, प्रचलित कानून र बैंकको प्रबन्धपत्र र नियमावली बमोजिम बोलाइएको अट्ठाइसौं वार्षिक साधारण–सभा कोभिड–१९ को महामारीको कारण भिडियो कन्फ्रेन्स (जुम) को माध्यमबाट संचालक समितिका अध्यक्ष श्री तुलसी प्रसाद गौतमको अध्यक्षतामा सुसम्पन्न भयो ।

**२. सभाको मिति, समय र स्थान :**

मिति : २०७७ साल पौष २७ गते सोमबार (तद्नुसार ११ जनवरी २०२१)

समय : बिहान ११:०० बजे

स्थान : हिमालयन बैंक लिमिटेडको केन्द्रीय कार्यालय, कमलादी, काठमाडौबाट भिडियो कन्फ्रेन्स (Virtual/Online) मार्फत सभा संचालित भएको थियो । (साधारण सभामा भिडियो कन्फ्रेन्स मार्फत सहभागी हुन शेयरधनी महानुभावहरूलाई Meeting Link/Passcode उपलब्ध गराउने व्यवस्था गरिएको थियो ।)

**३. सभाको सूचना प्रकाशन (कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम :**

(क) साधारणसभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरू सहितको विवरण खुलाइ कानूनबमोजिम त्यसको सूचना कारोबार दैनिकमा मिति २०७७/०९/०५ र आर्थिक अभियानमा मिति २०७७/०९/०६ गते प्रकाशित गरी शेयरधनी महानुभावहरूलाई जानकारी गराइएको थियो ।

(ख) साथै, संचालक समितिको प्रतिवेदन, वासलात, नाफा–नोक्सान हिसाब र नगदप्रवाह विवरण तथा अन्य दस्तावेजहरू पुस्तिकाको रूपमा प्रत्येक शेयरधनी महानुभावहरूको उपलब्ध व्यक्तिगत ठेगानामा यथासमयमा पठाइएको थियो ।

**४. छलफलको विषय-सूचीः**

क) सामान्य प्रस्ताव

१) अट्ठाइसौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ साल असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७६/७७ को नाफा–नोक्सान हिसाब तथा नगदप्रवाह विवरण छलफल गरी पारित गर्ने ।

३) यस बैंकको सहायक कम्पनी हिमालयन क्यापिटल लि. को आ.व. २०७६/७७ को वित्तीय विवरण सहितको एकिकृत वित्तीय विवरण स्वीकृत गर्ने ।

४) संचालक समितिले सिफारिश गरेबमोजिम नाफाको बाँडफाँट तथा चुक्ता पूँजी रू. ९,३७,२२,८१,४२८/- को ६ (छ) प्रतिशत (कर सहित) ले हुने जम्मा रू. ५६,२३,३६,८८५/- नगद लाभांश दिने प्रस्ताब स्वीकृत गर्ने ।

५) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७७/७८ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

ख) विशेष प्रस्ताव

१) बैंकको अधिकृत पूँजी रू. १२,००,००,००,०००/- (अक्षरेपी बाह्र अर्ब रूपैयाँ) बाट बृद्धि गरी रू. १५,००,००,००,०००/- (अक्षरेपी पन्ध्र अर्ब रूपैयाँ) गर्ने सम्बन्धी विशेष प्रस्ताव स्वीकृत गर्ने ।

२) संचालक समितिले सिफारिश गरे बमोजिम बैंकको जारी र हालको चुक्ता पूँजी रू. ९,३७,२२,८१,४२८/- बाट बृद्धि गर्न चुक्ता पूँजीको १४ (चौध) प्रतिशतले हुने जम्मा रू. १,३१,२१,१९,४००/- बोनस शेयर जारी गर्ने सम्बन्धी विशेष प्रस्ताव स्वीकृत गर्ने ।

३) बैंकले आर्थिक बर्ष २०७६/७७ मा संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा भन्दा माथि गरेका सहयोग अन्तर्गत नेपाल सरकारको कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा उपचार कोषसहित विभिन्न संघ संस्थाहरूलाई प्रदान गरेको कुल रकम रू. ४,३४,१०,१८४.४७ अनुमोदन

गर्ने । (संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च भएको रकमहरूको विस्तृत विवरणहरू बैंकको २८ औ वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ ।)

४) हिमालयन बैंक लिमिटेडले उपयुक्त समयमा उपयुक्त बैंक तथा वित्तीय संस्थाहरू गाभ्ने वा गाभिने वा प्राप्ति गर्न उपयुक्त देखिएमा यस बैंकको चल अचल सम्पत्ति, बैंकको दायित्व तथा सम्पूर्ण कारोबारहरूको मूल्याङ्कन गर्न मान्यता प्राप्त राष्ट्रिय तथा अन्तराष्ट्रिय मूल्याङ्कनकर्तालाई नियुक्त गरी गाभ्ने, गाभिने वा प्राप्ति गर्नको लागि आवश्यक पर्ने सम्झौताहरू गर्न तथा गाभ्ने, गाभिने वा प्राप्ति गर्न आवश्यक पर्ने सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

५) बैंकको प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने तथा प्रस्तावित संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य निकायले फेरबदल गरेमा आवश्यक समायोजन गर्न संचालक समितिलाई वा संचालक समितिले तोकेको पदाधिकारीलाई अधिकार दिने,

ग) विविध,

## ५. **उपस्थिति** :

संचालकहरू:

| | | |
|---|---|---|
| १. | श्री तुलसी प्रसाद गौतम | अध्यक्ष (भिडियो कन्फ्रेन्सबाट उपस्थित) |
| २. | श्री फैजल एन ललानी | संचालक |
| ३. | श्री प्रचण्ड बहादुर श्रेष्ठ | संचालक |
| ४. | श्री सुनिल बहादुर थापा | संचालक |
| ५. | श्री आशिष शर्मा | संचालक |
| ६. | श्री विजय बहादुर श्रेष्ठ | संचालक |
| ७. | श्री राधाकृष्ण पोते | संचालक |

पर्यवेक्षक:

| | | |
|---|---|---|
| १. | श्री कमल प्रसाद निरौला | प्रतिनिधि – कम्पनी रजिष्ट्रारको कार्यालय |

लेखापरीक्षक:

| | | |
|---|---|---|
| १. | श्री अनुप कुमार श्रेष्ठ | प्रतिनिधि, बि. आर. एस. न्यौपाने एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्स |

बैंक पदाधिकारीहरू:

| | | |
|---|---|---|
| १. | श्री अशोक शम्शेर ज.ब.रा. | प्रमुख कार्यकारी अधिकृत (भिडियो कन्फ्रेन्सबाट उपस्थित) |
| २. | श्री सुशील जोशी | महाप्रबन्धक |
| ३. | श्री विपिन हाडा | सहायक महाप्रबन्धक |
| ४. | श्री सतिश राज जोशी | मुख्य व्यवस्थापक |
| ५. | श्री श्याम खत्री | वरिष्ठ व्यवस्थापक |

शेयरधनीहरूको उपस्थिति:

| | | |
|---|---|---|
| १. | सर्वसाधारण शेयरधनी | ३४५ जना (भिडियो कन्फ्रेन्सबाट तथा स्वयं उपस्थित सहित) |
| २. | संस्थापक प्रतिनिधि | ८ जना |
| ३. | जम्मा उपस्थित शेयरधनीहरूको संख्या | ३५३ जना |

## ६) **सभाको वैधानिकता र सभापतित्व**:

साधारण सभा शुरू हुनु अघि कम्पनी सचिव श्री विपिन हाडाले उपस्थित शेयरधनी महानुभावहरूको स्वागत गर्नुहुँदै कम्पनी ऐन, २०६३, बैंकको नियमावली तथा प्रचलित नेपाल कानुन अनुसार बोलाइएको बैंकको अट्ठाइसौं वार्षिक साधारण सभा कोभिड-१९ को महामारीको कारण नेपाल सरकारद्वारा जारी स्वस्थ्य सम्बन्धी मापदण्डको पालना गर्दै भिडियो कन्फ्रेन्सको

माध्यमबाट संचालन गरिएको र सो अनुरूप सभाका लागि आवश्यक गणपूरक संख्या पुगेको व्यहोरा सभालाई अवगत गराउनुभयो । साथै उहाँले सभाको अध्यक्षता संचालक समितिका अध्यक्ष श्री तुलसी प्रसाद गौतमले गर्नुहुने जानकारी दिँदै सभा संचालनका लागि अध्यक्ष महोदयलाई अनुरोध गर्नुभयो ।

**७) सभा संचालन**ः

साधारण सभाको कारवाही शुरू गर्ने क्रममा सभाका सभापति तथा संचालक समितिका अध्यक्ष श्री तुलसी प्रसाद गौतमले सबैको स्वागत गर्दै आफ्नो स्वास्थ्य स्थितिका कारणले भिडियो कन्फ्रेन्स (जुम) बाट उपस्थित भएको तथा अट्ठाइसौं वार्षिक साधारण सभा संचालनका लागि संचालक श्री प्रचण्ड बहादुर श्रेष्ठलाई आग्रह गर्नु भए अनुसार संचालक श्री प्रचण्ड बहादुर श्रेष्ठले संचालक समितिको प्रतिवेदन संक्षेपमा पढेर सुनाउनु भयो ।

प्रतिवेदन प्रस्तुति पश्चात् संचालक श्री प्रचण्ड बहादुर श्रेष्ठज्यूले सभाका अध्यक्षको सुस्वास्थ्यको कामना गर्दै उहाँको अनुमतिमा विषयसूची सम्बन्धमा छलफलका लागि शेयरधनीहरूलाई आमन्त्रण गर्नुभयो । तदनुरूप निम्न शेयरधनीहरूले सभामा भिडियो कन्फ्रेन्सको माध्यमबाट आफ्नो जिज्ञासा, मन्तव्य तथा सुझावहरू प्रस्तुत गर्नुभयो ।

१) सुश्री सुनिता भट्टराई
२) मेजर श्री कुवेर श्रेष्ठ
३) श्री राम गोपाल महर्जन
४) श्री उत्तम दत्त पाण्डे
५) श्री चन्द्र नारायण श्रेष्ठ
६) श्री गुण राज भट्ट

**८) शेयरधनीहरूबाट व्यक्त शुभकामना, आभार, जिज्ञासा, मन्तव्य तथा सुझावहरू**ः

८.१ शुभकामना र आभारः

अट्ठाइसौं वार्षिक साधारण सभामा आफ्नो मन्तव्य प्रकट गर्ने सबै शेयरधनी महानुभावहरूले कोभिड–१९ बाट उत्पन्न परिस्थितिका बावजुत १४% बोनस शेयर र ६% नगद लाभांश प्रदान गरिएकोमा प्रसन्नता व्यक्त गर्नुभयो । आउँदा वर्षहरूमा पनि बैंकले बोनस शेयर तथा नगद लाभांश बढाउँदै लैजाओस भन्ने चाहना व्यक्त गर्नु भयो । विगत अट्ठाईस वर्षदेखि सेवारत यो बैंक नेपालको वित्तीय क्षेत्रमा सुरक्षित, भरपर्दो, विश्वसनीय र अग्रणी भएको बारेमा सबैको समान धारणा थियो । मन्तव्य प्रकट गर्ने महानुभावहरूले देशमा देखापरेको विशेष परिस्थिती तथा व्यवसायमा बढेको प्रतिस्पर्धाबाट बैंक सचेत भएर अगाडि बढ्नुपर्ने सुझाव दिनुभयो ।

८.२ जिज्ञासा, मन्तव्य तथा सुझावहरू :

८.२.१ सुश्री सुनिता भट्टराई

हाल कोभिड–१९ को महामारीले सिङ्गो देशमात्र होईन विश्व नै थलिएको यो बेला पनि बैंकको वित्तीय प्रगति आशा लाग्दो छ । गत वर्षको मुनाफाबाट शेयरधनीहरूलाई बोनस शेयर र नगद लाभांश गरी २० प्रतिशत लाभांश प्रदान

गरेकोमा हर्षित छु । अन्तिममा प्रस्तुत सामान्य तथा विशेष प्रस्तावको सर्मथन गर्दै साधारण सभाको सफलताको लागि शुभ-कामना गर्दछु ।

८.२.२ मेजर श्री कुबेर श्रेष्ठ

कोभिड-१९ महामारीको बिचमा पनि शेयरधनीहरूलाई बोनस शेयर र नगद लाभांश गरी २० प्रतिशत दिन सकेकोमा बैंक संचालक तथा व्यवस्थापन प्रति हार्दिक आभार व्यक्त गर्दछु । मुनाफा, निक्षेप तथा कर्जाको क्षेत्रमा बैंकको प्रगतिले हामीलाई हर्षित तुल्याएको छ । मर्जर/एक्युजीसनमा जाँदा संस्थाको वित्तीय अवस्था बारे राम्रो विश्लेषण होस् । मर्जर पछि कर्मचारी समायोजनमा समस्या हुँदो रहेछ, त्यसतर्फ विशेष ध्यान दिन अनुरोध छ । कर्मचारी भनेको संस्थाको मेरूदण्ड हो त्यसैले उनीहरूको Moral Down हुनदिनु हुँदैन । बैंकमा कर्मचारी छनोट गर्दा पारदर्शी ढंगबाट योग्यता र क्षमतालाई आधार बनाएर गरियोस् । सामाजिक उत्तरदायित्व अन्तर्गत गरिएका खर्चहरूको विस्तृत विवरणका लागि धन्यवाद छ ।

८.२.३ श्री राम गोपाल मर्हजन

हिमालयन बैंकको वित्तीय प्रगति सन्तोषजनक छ । गत सालको नाफाबाट शेयरधनीलाई प्रदान गरिएको लाभांश प्रति हामी सन्तुष्ट छौ । बैंकको शेयरको मूल्यांङ्कन दोश्रो बजारमा कम भयो । त्यसलाई बढाउन ध्यान दिनु पर्‍यो । पछि स्थापना भएका बैंकहरूले भोलिका दिनमा हिमालयन बैंकलाई नउछिनुन् भनेर संचालक समिति तथा व्यवस्थापनले सोचेर काम गरोस् । बैंकले विज्ञापनमा गरेको खर्च बढी भयो । बैंकको मुनाफा बृद्धिको लागि बैंकको लगानी भएका संस्थाको छनोट तथा योगदानमा ध्यान पुर्‍याउन आग्रह गर्दछु ।

८.२.४ श्री उत्तम दत्त पाण्डे

हिमालयन बैंक र इन्भेष्टमेन्ट बैंक बीच मर्जरको समाचारहरू प्रति सत्यता छ कि छैन ? यदि मर्जर गर्न खोजिएको हो भने स्वाप रेसियो कसरी मिलाउन लागिएको छ ? त्यसबारे जानकारी दिनहुन अनुरोध छ । बैंकले नाफा अझै बढाउदै जानुपर्‍यो । म बैंकको नन् बैंकिङ्ग एसेटको प्रभावकारी व्यवस्थापन तथा उपयोगमा जोड दिन चाहान्छु ।

८.२.५ श्री चन्द्र नारायण श्रेष्ठ

Online AGM प्रभावकारी भए जस्तो लागेन । राजनितिक दलहरूले हजारौ मानिस सडकमा जम्मा गर्न मिल्ने तर संस्थाहरू कोभिडको कारण भन्दै एक ठाउँमा २५ जना भन्दा बढी भेला हुन नदिने सरकारी नीति राम्रो लागेन । २० प्रतिशत लाभांश दिएकोमा खुशी व्यक्त गर्दछु । कर्मचारीलाई काम प्रति प्रोत्साहित गर्ने प्रभावकारी नीति बनाई कार्यान्वयनमा लगियोस् ।

८.२.६ श्री गुणराज भट्ट

लाभांश राम्रो दिएकोमा बैंकलाई धन्यबाद दिन चाहान्छु । विश्वव्यापी (कोभिड-१९) महामारीको बीचमा पनि बैंकले गरेको प्रगति तारिफ योग्य छ । नेपाल इन्भेष्टमेन्ट बैंकसंगको मर्जरको कुरा के हो? त्यसबारे सत्य तथ्य जानकारी गराइयोस् । मर्जर सम्बन्धी हल्ला वा भ्रामक समाचारले शेयर बजारमा शेयरको मूल्य प्रभावित हुन्छ भन्ने कुरा विचार गरियोस् । साधारण सभाको सफलताको लागि शुभ-कामना छ ।

## ९. सामूहिक रूपमा दिइएको प्रत्युत्तरको सारांशः

सभामा उपस्थित शेयरधनी महानुभावहरूबाट उठाईएका प्रश्न, जिज्ञासा तथा सुझावहरू तथा श्री शत्रुघन श्रेष्ठ तथा श्री भक्ति प्रसाद उप्रेतिले लिखितरूपमा बुझाउनु भएका आफ्ना सुझावहरूका लागि सभापति महोदयले शेयरधनीहरूलाई धन्यवाद दिनुभयो र उहाँहरूद्वारा औंल्याइएका कमी कमजोरीहरूलाई आगामी वर्षहरूमा सुधार गर्दै लैजाने तथा उहाँहरूले दिनुभएका अमूल्य सुझावहरूको क्रमशः कार्यान्वयन गर्दै जाने प्रतिवद्धता जनाउनु भयो । सभामा उहाँले सामूहिक रूपमा दिनुभएको प्रत्युत्तरको सारांश निम्नानुसार छ ।

**प्रत्युत्तरः**

- कर्जाको सुक्ष्म निरिक्षण गरी Asset Quality खराब हुन नदिने तर्फ व्यवस्थापन तथा संचालक समिति सदा सजक रहेको छ । वर्गीकृत कर्जाको असुली तथा त्यस्ता कर्जा सापटीलाई नियमित बनाउनको लागि अथक प्रयास जारी रहेको जानकारी गराउन चहान्छौं । कोभिड–१९ ले सृजना गरेको हालको कठिन परिस्थितिमा कर्जा असुली प्रक्रियालाई अझ प्रभावकारी बनाउने तर्फ व्यवस्थापन कृयाशील रहेको छ ।

- समिक्षा बर्षमा बैंकले रू. २७ करोड ०६ लाख बराबरको Non Banking Asset Takeover गरेको छ । यसरी Takeover गरेको NBA को यथाशिघ्र बिक्रिको लागि आवश्यक पहल भइरहेको छ ।

- बैंक सामाजिक उत्तरदायित्वको विषयमा सधैं सजक रहदै आएको छ । यस अनुरूप विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने उद्देश्यले विभिन्न सामाजिक संस्था तथा कार्यहरूमा समय समयमा सहयोग गर्दै आएको छ र भविष्यमा पनि यो कार्य जारी नै राखिने छ । यस सम्बन्धमा आगामी दिनमा शेयरधनी महानुभावहरूले औंल्याउनु भएका क्षेत्र तथा सुझावलाई समेत समेटिने छ र यस सम्बन्धी विवरण बिस्तृत रूपमा वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ र भविष्यमा पनि गरिने नै छ ।

- बैंकले विभिन्न संघ संस्थाको शेयरमा गरेको लगानी नेपाल राष्ट्र बैंकको निर्देशन भित्र रहेर गरेको हो । यस मध्ये RMDC, ग्रामिण विकास, निर्धन उत्थान, छिमेक, स्वाबलम्बन जस्ता लघुवित्त संस्थाको लगानीलाई नेपाल राष्ट्र बैंकले Deprived Sector अन्तर्गतको लगानीमा गणना गर्ने गरेको छ । कर्जा सूचना केन्द्र, Nepal Clearing House, Nepal Bankers Training Institute मा पनि नेपाल राष्ट्र बैंकको अगुवाइ तथा साझेदारीमा

विभिन्न वाणिज्य बैंकहरूसँग संयुक्त लगानी गरिएको हो । समिक्षा बर्षमा यस्तो शेयर लगानीबाट बैंकले जम्मा ५ करोड ८२ लाख १७ हजार लाभांश प्राप्त गरेको छ ।

- यहाँहरूले उठाउनु भएको Merger तथा Acquisition को सम्बन्धमा बैंकको संचालक समितिले Board Sub-Committee on Merger and Acquisiton उपसमिति गठन गरेको छ । सो समितिले आवश्यक गृहकार्य गरिरहेको छ तथा भविष्यमा उपयुक्त वित्तीय संस्थाको छनौट गरी Merger/Acquisition को सम्बन्धमा उपयुक्त निर्णय लिनेछ । यो सम्पूर्ण प्रक्रिया नेपाल राष्ट्र बैंकबाट जारी विनियमावली तथा निर्देशिका को व्यवस्था अनुसार गरिने व्यहोरा जानकारी गराउँदछु ।

शेयरधनीहरूबाट उठाइएका जिज्ञासा तथा प्रश्नहरूका सम्बन्धमा स्पष्ट पार्ने कार्य सकिएपछि अध्यक्षज्यूले साधारण सभाको विषयसूचीमा उल्लेख भए बमोजिम प्रस्तावहरू सभामा निर्णयार्थ पेश गर्नुभयो ।

## १०. **निर्णयहरू**:

क) सामान्य प्रस्ताव

१) अट्ठाइसौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन, सभाले सर्वसम्मतिले पारित भयो ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ साल असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७६/७७ को नाफा–नोक्सान हिसाब तथा नगदप्रवाह विवरण सर्वसम्मतिले पारित भयो ।

३) यस बैंकको सहायक कम्पनी हिमालयन क्यापिटल लि. को आ.व. २०७६/७७ को वित्तीय विवरण सहितको एकिकृत वित्तीय विवरण सर्वसम्मतिले पारित भयो ।

४) संचालक समितिले सिफारिश गरेबमोजिम नाफाको बाँडफाँट तथा चुक्ता पूँजी रू. ९,३७,२२,८१,४२८/- को ६ (छ) प्रतिशत (कर सहित) ले हुने जम्मा रू. ५६,२३,३६,८८५/- नगद लाभांश दिने प्रस्ताब सर्वसम्मतिले पारित भयो ।

५) अध्यक्षज्यूको अनुमतिमा लेखा परीक्षण समितिका संयोजक श्री प्रचण्ड बहादुर श्रेष्ठको तर्फबाट लेखा परीक्षण समितिका सदस्य तथा संचालक श्री आशिष शर्माले लेखा परीक्षक श्री बि. आर. एस. न्यौपाने एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्टस्ले विगत तीन वर्ष लेखा परिक्षण सम्पन्न गरेको तथा लेखा परीक्षण उपसमिति को बैठक नं २५२ ले सिफारिस गरे बमोजिम कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था ऐन २०७३ हरू बमोजिम आर्थिक वर्ष २०७७/७८ का लागि लेखापरीक्षण कार्यका लागि श्री जि पि राजबाहक एण्ड कम्पनीलाई बैंकको लेखा परीक्षकको लागि सिफारिस गरिएकोमा बैंकको लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्ग फर्म अडिट, कम्पनी ऐन अन्तर्गतका अन्य आवश्यक प्रतिवेदन प्रमाणित गर्ने कार्यका लागि तथा सो कार्यको सिलसिलामा भैपरि आउने यातायात लगायतका सम्पूर्ण खर्चहरू समेत गरी कुल रू. २० लाख मात्र (मु. अ. कर बाहेक) पारिश्रमिक तोक्ने प्रस्ताब सर्वसम्मतिले पारित भयो ।

ख) विशेष प्रस्ताव

१) बैंकको अधिकृत पूँजी रू. १२,००,००,००,०००/- (अक्षरेपी बाह्र अर्ब रूपैयाँ) बाट बृद्धि गरी रू. १५,००,००,००,०००/- (अक्षरेपी पन्ध्र अर्ब रूपैयाँ) गर्ने सम्बन्धी विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

२) संचालक समितिले सिफारिश गरेबमोजिम बैंकको जारी र हालको चुक्ता पूँजी रू. ९,३७,२२,८१,४२८/- बाट बृद्धि गर्न चुक्ता पूँजीको १४ (चौध) प्रतिशतले हुने जम्मा रू. १,३१,२१,१९,४००/- बोनस शेयर जारी गर्ने सम्बन्धी विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

३) बैंकले आर्थिक वर्ष २०७६/७७ मा संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा भन्दा माथि गरेका सहयोग अन्तर्गत नेपाल सरकारको कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा उपचार कोषसहित विभिन्न संघ संस्थाहरूलाई प्रदान गरेको कुल रकम रू. ४,३४,१०,१८४/४७ सर्वसम्मतिबाट अनुमोदन भयो ।

४) हिमालयन बैंक लिमिटेडले उपयुक्त समयमा उपयुक्त बैंक तथा वित्तीय संस्थाहरू गाभ्ने वा गाभिने वा प्राप्ति गर्न उपयुक्त देखिएमा यस बैंकको चल अचल सम्पत्ति, बैंकको दायित्व तथा सम्पूर्ण कारोबारहरूको मूल्याङ्कन गर्न मान्यता प्राप्त राष्ट्रिय तथा अन्तराष्ट्रिय मूल्याङ्कनकर्तालाई नियुक्त गरी गाभ्ने, गाभिने वा प्राप्ति गर्नको लागि आवश्यक पर्ने सम्झौताहरू गर्न तथा गाभ्ने, गाभिने वा प्राप्ति गर्न आवश्यक पर्ने सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

५) बैंकको प्रबन्धपत्र र नियमावलीमा अधिकृत पूँजी, जारी पूँजी, चुक्ता पूँजी, बैंक संस्थापकको विवरण, कार्यकारी प्रमुखको कार्यकाल, संचालकको बैठक भत्ता लगाएतका विषयमा अनुसूचिमा उल्लेख भए अनुसार संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने तथा प्रस्तावित संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य निकायले फेरबदल गरेमा आवश्यक समायोजन गर्न संचालक समितिलाई वा संचालक समितिले तोकेको पदाधिकारीलाई अधिकार दिने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

ग) विविध विषयसूची अन्तर्गत कुनै विषयमा छलफल भएन ।

## ११. धन्यवाद ज्ञापनः

अध्यक्षज्यूले सभामा सहभागी सम्पूर्ण शेयरधनी महानुभावहरूलाई आफ्नो अमूल्य समय दिई सभा सफलतापूर्वक सम्पन्न गरिदिनुभएकोमा हार्दिक धन्यवाद दिनुहुँदै बैंकको प्रगति र उन्नतिका लागि रचनात्मक सुझाव र मन्तव्य दिनुहुने वक्ता शेयरधनी महानुभावहरूप्रति आभार व्यक्त गर्नुभयो ।

## १२. सभा विसर्जन:

अन्त्यमा छलफल गर्न बाँकी विषय नभएको हुँदा अध्यक्षज्यूले अट्ठाइसौं वार्षिक साधारणसभा विसर्जन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| ............................................ | ............................................ |
| (विपिन हाडा) | (तुलसी प्रसाद गौतम) |
| कम्पनी सचिव | अध्यक्ष |

# (अनुसूची)
# हिमालयन बैंक लिमिटेडको
# अट्ठाइसौं वार्षिक साधारण सभामा विशेष प्रस्तावद्वारा
# प्रबन्धपत्र तथा नियमावलीमा गरिने प्रस्तावित संशोधन मस्यौदा

**प्रबन्धपत्र संशोधनको विशेष प्रस्तावः**

| विद्यमान व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **दफा ५. बैंकको पूँजीको संरचनाः**<br>(क) बैंकको अधिकृत पूँजी रु. १२,००,००,००,०००/- (अक्षरेपी बाह्र अर्ब रुपैयाँ) हुनेछ। उक्त पूँजीलाई रु १००/- का दरले १२,००,००,०००/- (बाह्र करोड थान) साधारण शेयरमा विभाजन गरिएको छ। | **दफा ५. बैंकको पूँजीको संरचनाः**<br>(क) बैंकको अधिकृत पूँजी रु. १५,००,००,००,०००/- (अक्षरेपी पन्ध्र अर्ब रुपैयाँ) हुनेछ। उक्त पूंजिलाई रु. १००/- का दरले १५,००,००,०००/- (पन्ध्र करोड थान) साधारण शेयरमा विभाजन गरिएको छ। | बैंकको विद्यमान पूँजी संरचना बृद्धि गर्नको लागि |
| (ख) तत्काल जारी पूँजी रु ९,३७,२२,८१,४२८/- (अक्षरेपी नौ अर्ब सैतिस करोड बाईस लाख एकासी हजार चार सय अट्ठाइस रुपैयाँ) हुनेछ। | (ख) तत्काल जारी पूँजी रु. १०,६८,४४,००,८२८/- (अक्षरेपी दश अर्ब अठसट्ठी करोड चवालिस लाख आठ सय अट्ठाइस रुपैयाँ) हुनेछ। | आ.व. २०७६/७७ को नाफा बाट बोनस शेयर जारी गर्दा बैंकको विद्यमान पूंजी संरचनामा हेरफेर हुने हुँदा। |
| (ग) तत्काल चुक्ता पूँजी रु ९,३७,२२,८१,४२८/- (अक्षरेपी नौ अर्ब सैतिस करोड बाईस लाख एकासी हजार चार सय अट्ठाइस रुपैयाँ) हुनेछ। | (ग) तत्काल चुक्ता पूँजी रु. १०,६८,४४,००,८२८/- (अक्षरेपी दश अर्ब अठसट्ठी करोड चवालिस लाख आठ सय अट्ठाइस रुपैयाँ) हुनेछ। | |

| विद्यमान व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **दफा ५ (घ) १ बमोजिम लगानी गर्ने संस्थापकहरु उपसमूह – क २ अन्तर्गत**<br>- छाया इण्टरनेशनल प्रा. लि., महाराजगंज<br>- श्रीमती इन्दीरा मल्ल, लाजिम्पाट<br>- श्री नयनतारा मास्के, नरदेबी<br>- सुश्री मेनुका श्रेष्ठ<br>- शशी कान्त अग्रवाल, बत्तिसपुतली<br>- स्याकार कम्पनी प्रा. लि., कान्तिपथ | **दफा ५ (घ) १ बमोजिम लगानी गर्ने संस्थापकहरु उपसमूह – क २ अन्तर्गत**<br>- छाया इण्टरनेशनल प्रा. लि., महाराजगंज<br>- श्रीमती इन्दीरा मल्ल, लाजिम्पाट<br>- श्री नयनतारा मास्के, नरदेबी<br>- सुश्री मेनुका श्रेष्ठ<br>- श्री शशी कान्त अग्रवाल, बत्तिसपुतली<br>- कर्मचारी संचय कोष<br>- एन. ट्रेडिङ्ग कम्पनी प्रा.लि.<br>- श्रीमती इलु शर्मा | प्रबन्धपत्रको दफा ५ (घ) को क २ उपसमूह मिलान गर्न (स्याकार कम्पनी प्रा. लि. को संस्थापक शेयर स्याकार ट्रेडिङ्ग कम्पनी प्रा. लि.को नाममा नामसारी भएकोमा, स्याकार ट्रेडिङ्ग कम्पनी प्रा. लि. कान्तिपथले ०.९९ प्रतिशत संस्थापक शेयर विभिन्न संस्थापक समूहलाई बिक्रि गरेकोले शेयर स्वामित्व मिलान गर्नु पर्ने भएकोले ।) |

**नियमावली संशोधनको विशेष प्रस्तावः**

| विद्यमान व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **नियम ३.(ख): बैंकको अधिकृत पूँजीको अंक र विभिन्न प्रकारको शेयर संख्याः**<br>(क) बैंकको अधिकृत पूँजी रु. १२,००,००,००,०००/- (अक्षरेपी बाह्र अर्ब रुपैयाँ) हुनेछ। उक्त पूँजीलाई रु. १००/- का दरले १२,००,००,०००/- (बाह्र करोड थान) साधारण शेयरमा विभाजन गरिएको छ। | **नियम ३.(ख): बैंकको अधिकृत पूँजीको अंक र विभिन्न प्रकारको शेयर संख्याः**<br>(क) बैंकको अधिकृत पूँजी रु. १५,००,००,००,०००/- (अक्षरेपी पन्ध्र अर्ब रुपैयाँ) हुनेछ। उक्त पूँजीलाई रु. १००/- का दरले १५,००,००,०००/- (पन्ध्र करोड थान) साधारण शेयरमा विभाजन गरिएको छ। | बैंकको विद्यमान पूँजी संरचना बृद्धि गर्नको लागि |
| (ख) तत्काल जारी पूँजी रु. ९,३७,२२,८१,४२८/- (अक्षरेपी नौ अर्ब सैतिस करोड बाईस लाख एकासी हजार चार सय अट्ठाइस रुपैयाँ) हुनेछ। | (ख) तत्काल जारी पूँजी रु. १०,६८,४४,००,८२८/- (अक्षरेपी दश अर्ब अठसट्ठी करोड चवालिस लाख आठ सय अट्ठाइस रुपैयाँ) हुनेछ। | आ.व. २०७६/७७ को नाफा बाट बोनस शेयर जारी गर्दा बैंकको विद्यमान पूँजी संरचनामा हेरफेर हुने हुँदा। |
| (ग) तत्काल चुक्ता पूँजी रु. ९,३७,२२,८१,४२८/- (अक्षरेपी नौ अर्ब सैतिस करोड बाईस लाख एकासी हजार चार सय अट्ठाइस रुपैयाँ) हुनेछ। | (ग) तत्काल चुक्ता पूँजी रु. १०,६८,४४,००,८२८/- (अक्षरेपी दश अर्ब अठसट्ठी करोड चवालिस लाख आठ सय अट्ठाइस रुपैयाँ) हुनेछ। | |

| विद्यमान व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **नियम ३ ख को (ङ)**<br>**उपसमूह – क २ अन्तर्गत**<br>- छाया इण्टरनेशनल प्रा. लि., महाराजगंज<br>- श्रीमती इन्दीरा मल्ल, लाजिम्पाट<br>- श्री नयनतारा मास्के, नरदेबी<br>- सुश्री मेनुका श्रेष्ठ<br>- शशी कान्त अग्रवाल, बत्तिसपुतली<br>- स्याकार कम्पनी प्रा. लि., कान्तिपथ | **नियम ३ ख को (ङ)**<br>**क २ उपसमूह अन्तर्गत**<br>- छाया इण्टरनेशनल प्रा. लि., महाराजगंज<br>- श्रीमती इन्दीरा मल्ल, लाजिम्पाट<br>- श्री नयनतारा मास्के, नरदेबी<br>- सुश्री मेनुका श्रेष्ठ<br>- श्री शशी कान्त अग्रवाल, बत्तिसपुतली<br>- कर्मचारी संचय कोष<br>- एन. ट्रेडिङ्ग कम्पनी प्रा.लि.<br>- श्रीमती इलु शर्मा | प्रबन्धपत्रको दफा ५ (घ) को क २ उप समुह मिलान गर्न (स्याकार कम्पनी प्रा. लि. को संस्थापक शेयर स्याकार ट्रेडिङ्ग कम्पनी प्रा. लि.को नाममा नामसारी भएकोमा, स्याकार ट्रेडिङ्ग कम्पनी प्रा. लि. कान्तिपथले ०.९९ प्रतिशत संस्थापक शेयर विभिन्न संस्थापक समूहलाई बिक्रि गरेकोले शेयर स्वामित्व मिलान गर्नु पर्ने भएकोले ।) |
| **नियम १९ को**<br>(३) प्रमुख कार्यकारी अधिकृतको पदावधि चार वर्षको हुनेछ र निजको पुनर्नियुक्ति हुन सक्नेछ । | **नियम १९ को**<br>(३) प्रमुख कार्यकारी अधिकृतको पदावधि चार वर्षको हुनेछ र प्रचलित बैंक तथा वित्तीय संस्था ऐन (बाफिया) तथा नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको निर्देशिका बमोजिम निजको पुनर्नियुक्ति हुन सक्नेछ । | नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम गर्नु पर्ने भएकोले |
| **नियमावलीको नियम २६**<br>नियम ३ ख को उपनियम (घ) र (ङ)मा वर्गीकरण गरे अनुसार समूह "क" अन्तर्गतका शेयरवालाहरुले आफूले लिएको शेयर बेचबिखन गर्नु परेमा उक्त शेयर खरिद गर्न सर्वप्रथम समूह "क" अन्तर्गत आफू संलग्न रहेको उपसमूहका लगानी गर्ने कम्पनीलाई प्राथमिकता दिनु पर्नेछ । उपरोक्त बमोजिम प्राथमिकता दिँदा एक भन्दा बढी कम्पनीहरु त्यस्तो शेयर खरिद गर्न इच्छुक भएमा उक्त शेयर इच्छुक सबै कम्पनीहरुले बराबर खरिद गर्न सक्ने गरी बेच्नु पर्नेछ । कथंकदाचित त्यसरी बराबर खरिद गर्न सम्भव नभएमा बराबर हिस्सा लगाई बाँकी रहन आएको शेयर निजले संस्थापकहरु मध्ये आफूले इच्छाएको कम्पनीलाई बिक्री गर्न सक्नेछ । उपरोक्तबमोजिम शेयर विक्री गर्दा संचालक समितिले ठहर गरेको मूल्यमा बेचबिखन गर्नुपर्नेछ । | **नियमावलीको नियम २६**<br>नियम ३ ख को उपनियम (घ) र (ङ)मा वर्गीकरण गरे अनुसार समूह "क" अन्तर्गतका संस्थापकले आफ्नो शेयर बिक्री वा हक छोड्दा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जुन समूहको शेयर हो सोही समूहका शेयरधनीहरूलाई दिनु पर्नेछ । यसरी शेयर बिक्री गर्दा एकभन्दा बढी शेयरधनीले शेयर खरिद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा वितरण गर्नु पर्नेछ । सो समूहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर संचालक समितिको निर्णय बमोजिम अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिनेछ । | प्रबन्धपत्रको दफा ७ (घ) बमोजिम नियमावलीको नियम २६ लाई एकरुपता कायम गर्न नियमावली संसोधन गर्नु पर्ने भएकोले |
| **नियम ३१.**<br>संचालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्थाः<br>(१) संचालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा देहाय बमोजिम हुनेछ :-<br>(ख) संचालक समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकले पाउने बैठक भत्ता यस प्रकार हुनेछ ।<br>(अ) अध्यक्षः १२,५००/- प्रति बैठक<br>(आ) संचालकः १०,०००/- प्रति बैठक | **नियम ३१.**<br>संचालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्थाः<br>(१) संचालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा देहाय बमोजिम हुनेछ :-<br>(ख) संचालक समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकले पाउने बैठक भत्ता यस प्रकार हुनेछ ।<br>(अ) अध्यक्षः २०,०००/- प्रति बैठक<br>(आ) संचालकः १६,०००/- प्रति बैठक | समय सापेक्ष रुपमा संचालकको बैठक भत्ता रकम बृद्धि गर्नु पर्ने भएकोले । |

बैंकको २८ औं साधारण सभाबाट पारित प्रबन्धपत्र र नियमावलीमा भएको संशोधन नेपाल राष्ट्र बैंक समक्ष स्वीकृतको लागि पेश हुँदा नेपाल राष्ट्र बैंकको मिति २०७७/१०/२७ को पत्र सं: बैं.वि.नि.वि./बिआर-२/हिमालयन/०७७/७८ को पत्र अनुसार उपरोक्त संशोधनहरू नेपाल राष्ट्र बैंकबाट संशोधन सहित अनुमोदन भएको छ ।

संशोधनको विवरण तल उल्लेख गरिएको छ ।

**प्रबन्धपत्र तर्फः**

| प्रबन्धपत्रको दफा | प्रस्तावित व्यवस्था | यस बैंकको निर्णय (नेपाल राष्ट्र बैंक) |
|---|---|---|
| दफा ५. बैंकको पूँजीको संरचनाः | (क) बैंकको अधिकृत पूँजी रु. १५,००,००,००,०००/- (अक्षरेपी पन्ध्र अर्ब रुपैयाँ) हुनेछ । उक्त पूँजीलाई रु. १००/- का दरले १५,००,००,०००/- (पन्ध्र करोड थान) साधारण शेयरमा विभाजन गरिएको छ । | (क) बैंकको अधिकृत पूँजी रु. १५,००,००,००,०००/- (अक्षरेपी पन्ध्र अर्ब रुपैयाँ) हुनेछ । उक्त पूँजीलाई रु. १००/- का दरले १५,००,००,०००/- (पन्ध्र करोड थान) साधारण शेयरमा विभाजन गरिएको छ । |
| | (ख) तत्काल जारी पूँजी रु. १०,६८,४४,००,८२८/- (अक्षरेपी दश अर्ब अठसट्ठी करोड चवालिस लाख आठ सय अट्ठाइस रुपैयाँ) हुनेछ । | (ख) तत्काल जारी पूँजी रु. १०,६८,४४,००,८२८/- (अक्षरेपी दश अर्ब अठसट्ठी करोड चवालिस लाख आठ सय अट्ठाइस रुपैयाँ) हुनेछ । |
| | (ग) तत्काल चुक्ता पूँजी रु. १०,६८,४४,००,८२८/- (अक्षरेपी दश अर्ब अठसट्ठी करोड चवालिस लाख आठ सय अट्ठाइस रुपैयाँ) हुनेछ । | (ग) तत्काल चुक्ता पूँजी रु. १०,६८,४४,००,८२८/- (अक्षरेपी दश अर्ब अठसट्ठी करोड चवालिस लाख आठ सय अट्ठाइस रुपैयाँ) हुनेछ । |
| दफा ५ (घ) १ बमोजिम लगानी गर्ने संस्थापकहरु | **क २ उपसमूह अन्तर्गत**<br>- छाया इण्टरनेशनल प्रा. लि., महाराजगंज<br>- श्रीमती इन्दीरा मल्ल, लाजिम्पाट<br>- श्री नयनतारा मास्के, नरदेबी<br>- सुश्री मेनुका श्रेष्ठ<br>- श्री शशी कान्त अग्रवाल, बत्तिसपुतली<br>- कर्मचारी संचय कोष<br>- एन. ट्रेडिङ्ग कम्पनी प्रा.लि.<br>- श्रीमती इलु शर्मा | **क २ उपसमूह अन्तर्गत**<br>- छाया इण्टरनेशनल प्रा. लि., महाराजगंज<br>- श्रीमती इन्दीरा मल्ल, लाजिम्पाट<br>- श्री नयनतारा मास्के, नरदेबी<br>- सुश्री मेनुका श्रेष्ठ<br>- श्री शशी कान्त अग्रवाल, बत्तिसपुतली<br>- कर्मचारी संचय कोष<br>- एन. ट्रेडिङ्ग कम्पनी प्रा.लि.<br>- श्रीमती इलु शर्मा |

**नियमावली तर्फः**

| प्रबन्धपत्रको दफा | प्रस्तावित व्यवस्था | यस बैंकको निर्णय (नेपाल राष्ट्र बैंक) |
|---|---|---|
| नियम ३.(ख) : बैंकको अधिकृत पूँजीको अंक र विभिन्न प्रकारको शेयर संख्या : | (क) बैंकको अधिकृत पूँजी रु. १५,००,००,००,०००/- (अक्षरेपी पन्ध्र अर्ब रुपैयाँ) हुनेछ । उक्त पूँजीलाई रु. १००/- का दरले १५,००,००,०००/- (पन्ध्र करोड थान) साधारण शेयरमा विभाजन गरिएको छ । | (क) बैंकको अधिकृत पूँजी रु. १५,००,००,००,०००/- (अक्षरेपी पन्ध्र अर्ब रुपैयाँ) हुनेछ । उक्त पूँजीलाई रु. १००/- का दरले १५,००,००,०००/- (पन्ध्र करोड थान) साधारण शेयरमा विभाजन गरिएको छ । |
| | (ख) तत्काल जारी पूँजी रु. १०,६८,४४,००,८२८/- (अक्षरेपी दश अर्ब अठसट्ठी करोड चवालिस लाख आठ सय अट्ठाइस रुपैयाँ) हुनेछ । | (ख) तत्काल जारी पूँजी रु. १०,६८,४४,००,८२८/- (अक्षरेपी दश अर्ब अठसट्ठी करोड चवालिस लाख आठ सय अट्ठाइस रुपैयाँ) हुनेछ । |
| | (ग) तत्काल चुक्ता पूँजी रु. १०,६८,४४,००,८२८/- (अक्षरेपी दश अर्ब अठसट्ठी करोड चवालिस लाख आठ सय अट्ठाइस रुपैयाँ) हुनेछ । | (ग) तत्काल चुक्ता पूँजी रु. १०,६८,४४,००,८२८/- (अक्षरेपी दश अर्ब अठसट्ठी करोड चवालिस लाख आठ सय अट्ठाइस रुपैयाँ) हुनेछ । |

| | | |
|---|---|---|
| नियम ३ ख को ङ | **क २ उपसमूह अन्तर्गत**<br>- छाया इण्टरनेशनल प्रा. लि., महाराजगंज<br>- श्रीमती इन्दीरा मल्ल, लाजिम्पाट<br>- श्री नयनतारा मास्के, नरदेबी<br>- सुश्री मेनुका श्रेष्ठ<br>- श्री शशी कान्त अग्रवाल, बत्तिसपुतली<br>- कर्मचारी संचय कोष<br>- एन. ट्रेडिङ्ग कम्पनी प्रा.लि.<br>- श्रीमती इलु शर्मा | **क २ उपसमूह अन्तर्गत**<br>- छाया इण्टरनेशनल प्रा. लि., महाराजगंज<br>- श्रीमती इन्दीरा मल्ल, लाजिम्पाट<br>- श्री नयनतारा मास्के, नरदेबी<br>- सुश्री मेनुका श्रेष्ठ<br>- श्री शशी कान्त अग्रवाल, बत्तिसपुतली<br>- कर्मचारी संचय कोष<br>- एन. ट्रेडिङ्ग कम्पनी प्रा.लि.<br>- श्रीमती इलु शर्मा |
| नियम १९ को | (३) प्रमुख कार्यकारी अधिकृतको पदावधि चार वर्षको हुनेछ र प्रचलित बैंक तथा वित्तीय संस्था ऐन (बाफिया) तथा नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको निर्देशिका बमोजिम निजको पुनर्नियुक्ति हुन सक्नेछ । | (३) प्रमुख कार्यकारी अधिकृतको पदावधि चार वर्षको हुनेछ र प्रचलित बैंक तथा वित्तीय संस्था ऐन (बाफिया) तथा नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको निर्देशिका बमोजिम निजको पुनर्नियुक्ति हुन सक्नेछ । |
| नियमावलीको नियम २६ | नियम ३ ख को उपनियम (घ) र (ङ)मा वर्गीकरण गरे अनुसार समूह "क" अन्तर्गतका संस्थापकले आफ्नो शेयर बिक्री वा हक छोड्दा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जुन समूहको शेयर हो सोही समूहका शेयरधनीहरूलाई दिनु पर्नेछ । यसरी शेयर बिक्री गर्दा एकभन्दा बढी शेयरधनीले शेयर खरिद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा वितरण गर्नु पर्नेछ । सो समूहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर संचालक समितिको निर्णय बमोजिम अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिनेछ । | नियम ३ ख को उपनियम (घ) र (ङ)मा वर्गीकरण गरे अनुसार समूह "क" अन्तर्गतका संस्थापकले आफ्नो शेयर बिक्री वा हक छोड्दा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जुन समूहको शेयर हो सोही समूहका शेयरधनीहरूलाई दिनु पर्नेछ । यसरी शेयर बिक्री गर्दा एकभन्दा बढी शेयरधनीले शेयर खरिद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा वितरण गर्नु पर्नेछ । सो समूहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर संचालक समितिको निर्णय बमोजिम अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिनेछ । |
| **नियम ३१.** संचालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था: | (१) संचालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा देहाय बमोजिम हुनेछ :-<br>(ख) संचालक समितिको वैठकमा उपस्थित भए वापत सञ्चालकले पाउने बैठक भत्ता यस प्रकार हुनेछ ।<br>(अ) अध्यक्षः २०,०००/- प्रति बैठक<br>(आ) संचालकः १६,०००/- प्रति बैठक | (१) संचालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा देहाय बमोजिम हुनेछ :-<br>(ख) संचालक समितिको वैठकमा उपस्थित भए वापत सञ्चालकले पाउने बैठक भत्ता यस प्रकार हुनेछ ।<br>(अ) अध्यक्षः २०,०००/- प्रति बैठक<br>(आ) संचालकः १६,०००/- प्रति बैठक |

**HIMALAYAN BANK LIMITED, Corporate Office**

Kamaladi, P.O. Box: 20590, Kathmandu, Nepal, Tel: 977-1-4227749
Fax: 977-1-4222800, E-mail: himal@himalayanbank.com
Website: www.himalayanbank.com, SWIFT: HIMANPKA

## Province 1

**Biratnagar Branch**
Shanihat Mainroad, Biratnagar
Tel: 021-524653, 534944

**Birtamod Branch**
Sanischarya Road, Birtamod
Tel: 023-545611

**Damak Branch**
Highway, Damak, Jhapa
Tel: 023-585291

**Dharan Branch**
Putali Line, Sunsari
Tel: 025-528966, 528967

**Hile Branch**
Bhojpur Road, Hile, Dhankuta
Tel: 026-540628, 540629

**Itahari Branch**
Dharan Road, Itahari, Sunsari
Tel: 025-587041, 587042

**Madi Branch**
Okharbote-4, Sankhuwasabha
Tel: 01-6201751

## Province 2

**Baragadi Branch**
Khowpawa-3, Bara
Tel: 01-6201363

**Bardibas Branch**
Mohotari, Nepal
Tel: 044-550161, 550162

**Birgunj Branch**
Mahabir Road, Birgunj, Parsa
Tel: 051-524678, 527504

**Janakpur Branch**
Janakpurdham
Tel: 041-590240

**Lahan Branch**
Lahan, Siraha, Ward #1
Tel: 033-564684, 564685

**Nijgadh Branch**
Nijgadh, Bara, Ward #9
Tel: 053-540262, 540392

**Parsauni Branch**
Parsauni-5, Bara
Tel.: 053-620000

**Subarna Branch**
Kabahigoth-6, Bara
Tel: 01-6201366

## Bagmati

**Banepa Branch**
Tindobato, Banepa, Kavre.
Tel: 011-664734

**Bahrabise Branch**
Barhabise Bazar, Sindhupalchowk
Tel: 011-489290

**Battisputali Branch**
Battisputali, Kathmandu
Tel: 01-4484990

**Betrawati Branch**
Laharepauwa, Betrawati, Rasuwa
Tel: 010-681343, 412001

**Bhaisepati**
Lalitpur, Ekantakuna Tikabhairab Road
01-5906306

**Bhaktapur Branch**
Sukuldhoka, Bhaktapur
Tel: 01-6617493, 6616092

**Bharatpur Branch**
Pulchowk, Chitwan
Tel: 056-571474, 572225

**Chabahil Branch**
Chuchepati, Chabahil, Kathmandu
Tel: 01-5210045

**Dhading Branch**
Dhadingbesi, Dhading
Tel: 010-521110

**Dillibazar Branch**
Siddhibhawan, Charkhaladda, KTM.
Tel: 01-4431658

**Gaurishanker Branch**
Suri-5, Dolakha
Tel: 01-6201748

**Hetauda Branch**
Main Road, Hetauda, Makawanpur
Tel: 057-525877,522899

**Kalanki Branch**
Kalanki Chowk, Kathmandu
Tel: 01-5234762, 5235038

**Kaushaltar Branch**
Gatthaghar, Bhaktapur
Tel: 01-6639564

**Khurkot Branch**
Golanjor-7, Sindhuli
Tel: 01-6201749

**Maharajgunj Branch**
Maharajgunj, Kathmandu
Tel: 01-4425183, 4424292

**Myagang Branch**
Deurali-3, Nuwakot
Tel: 01-6201463

**New Baneshwor Branch**
New Baneshwor Chowk, Kathmandu
Tel: 01-4785583,4784859

**New Road Branch**
Bishal Bazar Complex, Kathmandu
Tel: 01-4243107, 4224787

**Parsa Branch**
Naya Road, Parsa, Chitwan
Tel.: 056-583628

**Patan Branch**
Pulchowk, Lalitpur
Tel: 01-5010584, 5010593

**Samakhushi Branch**
Gangabu, Samakhushi, Kathmandu
Tel: 01-4354663

**Satdobato Branch**
Satdobato Chowk, Lalitpur
Tel: 01-5151945,

**Shorakhutte Branch**
Shorakhutte Chowk, Kathmandu
Tel: 01-4389035

**Sukedhara Branch**
Kathmandu 4, Sukedhara
Tel: 01-4015081

**Swoyambhu Branch**
APF Welfare Plaza, Swoyambhu, Ktm.
Tel: 01-4033798, 4285461

**Tandi Branch**
Sauraha Chowk, Tandi, Chitwan
Tel: 056-560750

**Tarkeshwor Branch**
Dansingh-1, Nuwakot
Tel: 01-6201365

**Teku Branch**
Kathmandu Business Park, Kathmandu
Tel: 01-4104572, 4104687

**Thamel Branch**
Karmachari Sanchaya Kosh Building
Thamel, Kathmandu
Tel: 5970024, 5327745

**Trishuli Branch**
Battar, Trishuli, Nuwakot
Tel: 010-561696

## Gandaki

**Baglung Branch**
Jeep Park, Baglung
Tel: 068-522690

**Gorkha Branch**
Bus Park, Gorkha
Tel: 064-421520

**Kawasoti Branch**
Shabhapati Chowk-5, Nawalparasi
Tel: 078-541040

**Pokhara Branch**
New Road, Pokhara, Kaski
Tel: 061-538907, 540230

**Ram Bazar Branch**
Amarsingh Chowk, Pokhara, Kaski
Tel: 061-430301

## Lumbini

**Bhairahawa Branch**
PrahariTole, Siddharthanagar, Rupandehi
Tel: 071-526945, 524395

**Butwal Branch**
Traffic Chowk, Butwal, Rupandehi
Tel: 071-551016, 551017

**Ghorahi Branch**
New Road, Ghorahi, Dang
Tel: 082-562901

**Kohalpur Branch**
Kohalpur Municipality, ward #11
Kohalpur, Banke
Tel: 081-542146/ 48

**Lamahi Branch**
Lamahi Bus Park, Dang
Tel: 082-540842, 540843

**Nepalgunj Branch**
Dhamboji, Nepalgunj, Banke
Tel: 081-411290

**Palpa Branch**
Silkhan Tole, Tansen, Palpa
Tel: 075-522641, 520095

**Raptisonari Branch**
Samshergunj-8, Banke
Tel: 081-400089, 400091

**Tulsipur**
Dang, Kha Line
082-523545/523546

## Karnali

**Kumakha Branch**
Marmaparikada, Ragechaur-8, Salyan
Tel: 01-6201752

**Salyan Branch**
Srinagar, Salyan, Tel: 088-400012

**Surkhet Branch**
Ward #3, Chinal Pul, Jumla Road
Birendranagar, Surkhet
Tel: 083-523902/524101

## Sudar Paschim

**Chhededaha Branch**
Dogadi Bazaar-5, Bajura
Tel: 01-6201754

**Dhangadi Branch**
Ratopool, Dhangadi, Kailali
Tel: 091-520202

**Jagannath Branch**
Juddi, Bajura
Tel: 01-6201749

**Lamki Branch**
Tikapur road, Kailali
Tel: 091-540513

**Swamikartik Branch**
Suijiula, Bajura
Tel: 01-6201753

## Extension Counter

**Maharajgunj Branch**
TU Teaching Hospital
Tel: 01-4425183

**Gangalal Ext. Counter**
Shahid Gangalal National Heart Center
Bansbari, Tel: 01-4425183

**Trishuli District Hospital Ext Counter**
Trishuli District Hospital
Tel: 010-561696

**Lumbini Medical College Ext Counter**
Lumbini Medical College
Palpa, Tel: 075-522641

**Card Centre**
Kamaladi, Kathmandu, Tel: 01-4227749
Toll Free No.: 16-600-112-000

**Global FI & Remittance Centre**
Kamaladi, Kathmandu, Tel: 01-4227749, 4250354
Toll Free No.: 16-600-111-000

**Outside Country**
**Himalayan Bank Limited- Kuala Lumpur**
Representative Office
2nd Floor, Wisma Maran, 28 Medan Pasar
50050 Kuala Lumpur, Malaysia
Tel: +603 2022 3664

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

**Himalayan Bank Limited**
Corporate Office, Kamaladi, Kathmandu
Ph. No.: 4246218/19, P.O. Box.: 20590

SWIFT: HIMANPKA

www.himalayanbank.com